# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

आ.व.: २०८१/०८२

च.नं.: [redacted]

## सूचना !

**विषयः वार्षिक समीक्षा सम्बन्धमा।**

गाउँ कार्यपालिकाको मिति २०८१/०६/२३ को बैठकको निर्णयबाट सिद्धलेक गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक समीक्षा बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले गाउँपालिकाको सम्पूर्ण वडा अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यू, विषयगत शाखाका प्रमुख एवं सम्पूर्ण कर्मचारी र वडा सचिवहरूलाई उपस्थितिको लागि अनुरोध छ।

**तपसिलः**

**मितिः** २०८१/०७/०६ मंगलबार

**समयः** बिहान ११: ०० बजे

**स्थानः** सिद्धलेक गाउँपालिकाको सभाहल, बुङ्चुङ, धादिङ।

साथै, समिक्षा बैठकमा उपस्थित हुँदा विषयगत शाखा प्रमुख एवं वडा सचिवहरूले निम्नानुसारको विवरण उपलब्ध हुने गरी वार्षिक समीक्षा प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुपर्नेछ।

**विषयगत शाखा प्रमुखः**

गत आ.व.को स्वीकृत कार्यक्रम, सम्पन्न कार्यक्रम र सो को नतिजा तथा प्रतिफल, सम्पन्न हुन नसकेका कार्यक्रम र सो को कारण, कार्यक्रमको भौतिक/वित्तीय प्रगती, कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौती तथा समाधानका उपायहरू।

**वडा सचिवः**

वडा कार्यालयबाट प्रवाह हुने सेवाको विवरण, पञ्जिकरण सम्बन्धि विवरण, राजश्वको विवरण, सेवा प्रवाहमा आइपरेका समस्या एवं सो को समाधानको उपायहरू।

अन्त्यमा, चालु आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भइसकेको हुँदा विषयगत शाखा तथा वडा कार्यालयले सो को कार्यान्वयनको कार्ययोजना समेत पेश गर्नुपर्नेछ। प्रस्तुतिकरणको समय ५ देखि ७ मिनेटको हुनेछ।

प्रतिवेदनको Hard Copy गाउँपालिकाको प्रशासन शाखामा पेश गर्नुपर्नेछ।

मितिः- २०८१/०६/३०

२०८१/०६/३०

नि.प्रमुख प्रशासकीय अधिकृत

Website: www.siddhalekmun.gov.np Email: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com

Scanned with CamScanner